# इच्छाकामना गाउँपालिका


## स्थानीय राजपत्र

खण्डः८ | संख्याः २ | मितिः २०८१।०६।०७

**भाग —२**


इच्छाकामना गाउँपालिका

# कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि,२०८१

# कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि,२०८१

कार्यपालिका बाट स्वीकृत मितिः२०८१।०६।०७

**१. प्रस्तावनाः** इच्छाकामना गाउँपालिका कृषि तथा पशुपालनको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको स्थानीय तह हो। यहाँका अधिकांश मानिसहरुले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अवलम्बन गरेका छन्। यसरी यस गाउँपालिकाका कृषकहरूलाई व्यवसायिक र प्रतिष्पर्धी बनाई उनीहरुको आयआर्जन वृद्धि गरी स्वाबलम्बी बनाउन वाञ्छनीय भएकोले यो कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इच्छाकामना गाउँकार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले इच्छाकामना गाउँपालिकालाई सम्झनुपर्दछ ।

ख) "अध्यक्ष" भन्नाले इच्छाकामना गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

ग) "उपाध्यक्ष" भन्नाले इच्छाकामना गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इच्छाकामना गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) "वडा" भन्नाले इच्छाकामना गाउँपालिकाको सबै वडाहरुलाई सम्झनु पर्दछ ।

च) "सहकारी" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न इच्छाकामना गाउँपालिका भित्रका सहकारीहरूलाई जनाउनेछ। यस शब्दले इच्छाकामना गाउँपालिकाका कृषकहरूको कृषिजन्य उत्पादन खरिद गर्ने आसपासका सहकारीलाई समेत जनाउनेछ ।

छ) "तरकारी" भन्नाले फूलगोभी, बन्दागोभी, केराउ, बोडी, सिमी, साग, गोलभेडा, आलु, लौका, चिचिण्डा, घिरौला,भेन्टा, फर्सि, काँक्रो, स्कुस, परबर, पिडालु लगायतका तरकारीको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।

ज) "फलफूल" भन्नाले कागती, जुनार, सुन्तला, अम्बा, आंप, लिचीलगायत फलफुलको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।

झ) "मसलाजन्य वस्तु" भन्नाले लसुन, प्याज, धनिया, खुर्सानी, अदुवा, हलेदोलगायत मसलाको रुपमा प्रयोग हुने वस्तुलाई जनाउनेछ ।

ञ) "व्यापारी" भन्नाले व्यापार गर्नको लागि इजाजतपत्र लिई इच्छाकामना गाउँपालिकामा व्यवसाय दर्ता गरी प्यान नं. लिएको इच्छाकामना गाउँपालिका भित्र उत्पादित कृषि जन्य सामाग्रीलाई व्यापार गर्न सहयोग पुर्याउने व्यवसायीलाई जनाउने छ ।

ट) "समूह" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न इच्छाकामना गाउँपालिका भित्रका समूहहरुलाई जनाउनेछ ।

ठ) "कृषि फर्म" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न इच्छाकामना गाउँपालिका भित्रका दर्तावाल कृषि फर्महरुलाई जनाउनेछ ।

**३. अनुदान उपलब्ध गराउन सक्ने कृषि तथा पशुजन्य वस्तुहरू:**

क) गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही कृषिजन्य वस्तु अन्तर्गत तरकारी, फलफूल, मह, मसलाजन्य,खाद्यान्नवाली तथा तरकारी बिउ र फलफुल बिरुवा वस्तुमा र पशुजन्य उत्पादन अन्तर्गत दुग्धजन्य उत्पादन, अण्डा तथा मासुमा अनुदान उपलब्ध गराउने छ ।

**४. अनुदान उपलब्ध गराउने विधिः**

क) कृषकहरूले अनुदान प्राप्त गर्नको लागि तोकिएको कृषि सहकारी/कृषक समूह/कृषि फर्म मार्फत सङ्कलन तथा बिक्री वितरण गरेको हुनुपर्नेछ।

ख) कृषि तथा पशुजन्य वस्तु बिक्री वितरणमा संलग्न हुन चाहने कृषि सहकारी/कृषक समूह/कृषि फर्महरूले आफ्नो प्रमाणपत्रसहित पालिकामा निवेदन पेश गर्नुपर्नेछ र निवेदनको आधारमा पालिकाले सिफारिस गरिसके पश्चात उक्त कार्यमा संलग्न हुन गाउँपालिकाले कृषि सहकारी/ कृषक समूह /कृषि फर्मलाई अनुमति दिनेछ । यसरी अनुमति प्राप्त गरिसके पश्चात सहकारीले सङ्कलन, खरिद र बिक्री गरेको अभिलेख राख्न सुरु गर्नेछ ।

ग) कृषि सहकारी/कृषक समूह/कृषि फर्मले राखेको अभिलेखको आधारमा सहकारी तथा वडाले गाउँपालिकालाई बिक्रीको परिमाण र रकम सिफारिस गरी पठाउनु पर्नेछ ।

घ) कृषि सहकारी/कृषक समूह/कृषि फर्म तथा वडाको सिफारिसको आधारमा पालिकाबाट कृषि तथा पशुजन्य बस्तुको बिक्रीमा आधारित अनुदान उपलब्ध हुनेछ।

ङ) गाउँपालिकाले कृषि सहकारी/कृषक समूह/कृषि फर्मको अभिलेखको समय समयमा अनुगमन निरीक्षण गर्नेछ रझुठ्ठा विवरण राखे र पेश गर्ने समूह सहकारीहरुलाईअनुदान वितरण गरिने छैन ।

च) अनुदान उपलब्ध गराउँदा कृषि सहकारी/कृषक समूह/कृषि फर्महरुलाई अनुदान उपलब्ध गराइनेछर कृषि सहकारी/कृषक समूह/कृषि फर्म मार्फत कृषकहरुले विक्रीको आधारमा अनुदान प्राप्त गर्नेछन् ।

छ) कृषि तथा पशुजन्य वस्तुको विक्रीमा सहजीकरण गर्ने कृषि सहकारी/कृषक समूह/कृषि फर्महरुलाई व्यवस्थापन खर्च बापत कार्यविधिमा तोकिए बमोजिमको रकम उपलब्ध गराईनेछ।

ज) यो कार्यविधि स्वीकृत भएपश्चात सहकारी मार्फत बिक्री वितरण गरी अभिलेखिकरण गरिएका कृषकहरुलाई मात्र अनुदान उपलब्ध गराईनेछ; साथै पशुजन्य उत्पादन गर्ने कृषकहरुलाई पशुको निःशुल्क बीमा गर्न बाधा पर्ने छैन ।

झ) कृषकहरूले प्राप्त गरेको अनुदान कृषि सहकारी/कृषक समूह/कृषि फर्मले भर्पाई गरी बुझाउनु पर्नेछरसो को एकप्रति फोटोकपी गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

**५. उपलब्ध गराउने अनुदान रकमः**

क)कृषकः कृषकहरूलाई न्यूनतम बिक्रीको आधारमा कृषि सहकारी/कृषक समूह/कृषि फर्महरु मार्फत देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ।

| क्र.सं. | बाली वस्तु | उत्पादन (केजी / लिटर/ गोटा) | प्रति एकाइप्रोत्साहन अनुदान ( रू.) |
|---|---|---|---|
| १. | मह (स्थानीय) | ५० केजी | प्रति केजी १०० वार्षिक |
| २. | गोलभेडा | ५०० केजी | प्रति केजी २ वार्षिक |
| ३. | लसुन | १०० केजी | प्रति केजी २० वार्षिक |
| ४. | प्याज | २०० केजी | प्रति केजी ५ वार्षिक |

| | | | |
|---|---|---|---|
| ५. | अदुवा | २०० केजी | प्रति केजी ५ वार्षिक |
| ६. | हलेदो | २०० केजी | प्रति केजी १० वार्षिक |
| ७. | टिमुर | १० केजी | प्रति केजी १०० वार्षिक |
| ८. | अलैंची | ३०० केजी | प्रति केजी १०० वार्षिक |
| ९. | मुला / साग | ७०० केजी | प्रति केजी ३ वार्षिक |
| १०. | फूलगोभी | ३०० केजी | प्रति केजी ५ वार्षिक |
| ११. | बन्दा | ५०० केजी | प्रति केजी २ वार्षिक |
| १२. | आलु | १००० केजी | प्रति केजी ५ वार्षिक |
| १३. | काँक्रो | १००० केजी | प्रति केजी २ वार्षिक |
| १४. | कागती | १०० केजी | प्रति केजी १० वार्षिक |
| १५. | केरा | २० घरी | प्रति घरी १० वार्षिक |
| १६. | दलहन | ५०० केजी | प्रति केजी ५ वार्षिक |
| १७. | तेलहन | ५०० केजी | प्रति केजी ५ वार्षिक |
| १८. | खाद्यान्न बिउ | २०० केजी | प्रति केजी ५ वार्षिक |
| १९. | दुध | २५०० लिटर | प्रति लिटर १ वार्षिक |
| २०. | मासु (खसी / बोका) | २०० केजी | प्रति केजी ५ वार्षिक |

ख) सहकारी/समूह/व्यवसायीः कृषि तथा पशुजन्य वस्तु सङ्कलनको लागि तोकिएका र संलग्न कृषि सहकारी/कृषक समूह/कृषि फर्महरुलाई व्यवस्थापन खर्चको लागि देहाय बमोजिम अनुदान उपलब्ध गराईनेछः

अ) कृषि तथा पशुजन्य वस्तु बिक्री वितरणमा संलग्न सबै कृषि सहकारी/कृषक समूहहरुलाई न्यूनतम वार्षिक रु. १५,०००।- उपलब्ध गराईनेछ। यस्ता कृषि सहकारी/कृषक समूहहरूले वार्षिक रुपमा आफूले प्राप्त गर्ने न्यूनतम व्यवस्थापन बजेटको कम्तीमा ५ गुणा रकम बराबरको कारोबार गर्नुपर्नेछ।

आ) न्यूनतम व्यवस्थापन बजेटको अतिरिक्त कृषि सहकारी/कृषक समूहहरूले बिक्रीको परिमाणको आधारमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम थप प्रोत्साहन गर्न सक्नेछ ।

नोटः इच्छाकामना गाउँपालिका बाहिरका कृषि सहकारी/कृषक समूहहरुलाई भने यस प्रकारको बिक्रीमा आधारित अनुदान उपलब्ध गराईने छैन ।

**६. कृषि तथा पशुजन्य वस्तुको खरिद तथ बिक्री मूल्यः**

क) कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरुले आफ्ना सबै सदस्यहरुको सहभागितामा कृषि तथा पशुजन्य वस्तुको खरिद तथा बिक्री मूल्य निर्धारण गर्न सक्नेछन् ।

ख) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारण गर्दा उत्पादित वस्तुको प्रकृति हेरी वार्षिक, चौमासिक, मासिक वा दैनिक रुपमा मूल्य निर्धारण गर्न सक्नेछन् ।

ग) कृषकहरूको सहभागितामा कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीले निर्धारण गरेका मूल्यको सूचि कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीले सबैले देख्ने गरी संकलन केन्द्रमा टाँस्नुपर्नेछ ।

घ) खरिद र बिक्रीको मूल्य निर्धारण गर्दा यथासक्य खरिद र बिक्री मूल्य विचको अन्तर २०% भन्दा बढी हुने छैन । तर मूल्य निर्धारण गर्दा भण्डार अवधिमा हुन सक्ने नोक्सानीलाई समेत ध्यान दिनुपर्नेछ ।

ङ) खरिद र बिक्री मूल्यबिच हुने अन्तरबाट हुने आम्दानी सम्बन्धित सहकारीको हुनेछरउक्त रकम कृषि सहकारी/कृषक समूह/कृषि फर्मले संस्थाको निर्णय बमोजिम कर्मचारी व्यवस्थापनलगायत सहकारीको अन्यव्यवस्थापकीय खर्चमा लगाउनसक्नेछ।

च) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारणको क्रममा सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाको कृषि तथा पशुसेवा शाखालाई सहजिकरणको लागि कृषि सहकारी/कृषक समूह/कृषि फर्मले आमन्त्रण गर्न सक्नेछन् ।

छ) गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूले कुनै कार्यक्रम गर्दा गाउँपालिका भित्रका कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरूमार्फत कृषि तथा पशुजन्य वस्तु खरिद गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ ।

७. **अनुदान रकम निकासाः** बिक्रीमा आधारित अनुदान उपलब्ध गराउँदा गाउँपालिकाबाटसम्पूर्ण प्रमाणित विवरणको आधारमा अनुगमन समितिको निर्णय बमोजिम वार्षिक रुपमा उपलब्ध गराउन सकिनेछ ।

८. **अन्य क्षेत्रमा अनुदानः** बिक्रीमा आधारित अनुदान बाहेक गाउँसभाबाटस्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशुक्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले बाधा पुर्याएको मानिने छैन ।

९. **बजारमूल्यको कारण हुने क्षतिको परिपूर्तिः** विश्वव्यापी बजारीकरणको कारण स्थानीय कृषकको उत्पादन मूल्य भन्दा अत्य‍ाधिक कम मूल्यमा कृषिजन्य वस्तु बजारमा आई कृषकलाई हुने घाटा पूर्ति गर्ने सन्दर्भमा थप मापदण्ड बनाई कार्यपालिकाको निर्णय बमोजिम कार्य अगाडि बढाईनेछ ।

१०. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

११. **परिमार्जन तथा संशोधनः** यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**अनुसूची —१**
**(दफा ४ सँग सम्बन्धित)**
**इच्छाकामना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कुरिनटार, चितवन**
**<u>आवेदन फारम</u>**

मितिः २०......./....../

श्री कार्यालय प्रमुख ज्यू,
इच्छाकामना गाउँपालिका,
कुरिनटार, चितवन ।

**विषयः कार्यक्रममा समावेश हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा इच्छाकामना गाउँपालिका, कृषि विकास शाखा बाट मिति २०../../.. गते प्रकाशित सुचना अनुसार उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि तपसिलमा उल्लेखित आवश्यक कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं। यस आवेदन साथ संलग्न कागजात तथा सुचना जाने बुझे सम्म ठीक छन्। यदि झुटो ठहरिएमा खारेज गरी सो अनुसार कारवाही भएमा कानुन बमोजिम सहुँला बुझाउँला।

**संलग्न कागजातहरुः**

१. आवेदकको नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि
२. वडा कार्यालयको सिफारिस पत्र
३. कृषक समूहको हकमा, समूह दर्ता, बैठकको निर्णयको माइन्युट
४. व्यवसायिक कृषि फर्म भएमा आधिकारिक दर्ता प्रमाण पत्रको प्रतिलिपि
५. सहकारीको हकमा, संस्था दर्ता, स्थायी लेखा नम्बर र गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

**<u>आवेदक</u>**

कृषक समूह/कृषि सहकारी/व्यवसायिक कृषि फर्मको नाम :

पदः

ठेगानाः

फोन नंः.

छापः

आज्ञाले,

चन्द्रकान्त बस्नेत

प्रमुख प्रशासकीय अधिकृत